नेपाल सरकार

# राष्ट्रिय सतर्कता केन्द्र

(सम्पत्ति विवरण अनुगमन शाखा)

फोन नं. : ४२००३३९, ४२००३४२, ४२०
हटलाइन : ४२००३४५
फ्याक्स : ४२००४००
इमेल : navic@nvc.gov.np
वेवसाइट : www.nvc.gov.np
सिंहदरबार, काठमाडौं


प.सं. २०७४/७५ मितिः २०७५/३/३२

च.नं: | १ | १ | ० | ० | ० | ० | ० | ० | ६ | ६ |

अत्यन्त जरुरी गोप्य

**विषय : सम्पत्ति विवरण बुझाउने र फोकल पर्सन तोकि पठाउने सम्बन्धमा ।**

श्री मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. १, बिराटनगर ।
श्री मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. २, जनकपुर ।
श्री मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. ३, हेटौडा ।
श्री मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश, पोखरा ।
श्री मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. ५, बुटवल ।
श्री मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश, सुर्खेत
श्री मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. ७, कैलाली ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० मा "प्रत्येक सार्वजनिक पदधारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले ६० दिन भित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पतिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नु पर्ने" कानूनी व्यबस्था छ ।
भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ (ग) ले "सार्वजनिक पदधारण गरेका व्यक्तिले प्रचलित कानून बमोजिम दिएको सम्पत्ती बिवरण र आयको अनुगमन गर्ने" कार्य राष्ट्रिय सतर्कता केन्द्रलाई प्रदान गरेको छ ।

तहाँ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गतका मन्त्रालय/आयोग/केन्द्र/सचिवालय/कार्यालय र अन्तर्गतका स्थानीय तहका जनप्रतिनिधी/पदाधिकारी/कर्मचारी (स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११० अनुसार) समेतले आ.ब.२०७४।७५ को सम्पत्ति विवरण भर्ने/भराउने व्यवस्थाका लागि अनुरोध छ।

सम्पत्ति विवरण कस्ले कहाँ बुझाउने भन्ने सम्बन्धी व्यवस्था भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७५।३।२० को नेपाल राजपत्रको सूचना र सम्पत्ति विवरणको बन्दीखामको बाहिर लेख्नु पर्ने ढाँचा यस केन्द्रको Website www.nvc.gov.np मा राखिएको छ ।

सम्पत्ति विवरणका सम्बन्धमा कुनै विषयमा बुझ्नु परेमा यस केन्द्रको सम्पत्ति विवरण शाखाको फोन नं. ०१-४२००४१२ मा बुझ्न सकिनेछ ।
तहाँ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गतका मन्त्रालय/आयोग/केन्द्र/सचिवालय/कार्यालयमा सम्पत्ति विवरण सम्बन्धी कार्यको लागि एकजना अधिकृत स्तरको फोकल पर्सन तोकि नाम, पद, सम्पर्क नं.(मोवाईल नं., Email Address समेत) उल्लेख गरी पत्र प्राप्त भएको मितिले ७(सात) दिन भित्र पठाईदिनु हुन मिति २०७५।३।२२ को निर्णयानुसार अनुरोध छ ।

.....................
(झलनाथ अर्याल)
उप सचिव

सम्पत्ति विवरण समयमा बुझाऔं दण्ड जरिवानाबाट बचौं ।